DEMOCRACY RESOURCE CENTER

# दोस्रो चरण स्थानीय निर्वाचनको प्रारम्भिक पर्यवेक्षण प्रतिवेदन

**साउन २९, २०७४**

## १. परिचय

असार १४, २०७४ मा १, ५ र ७ प्रदेशका जिल्लाहरुमा दोस्रो चरणको स्थानीय निर्वाचन सम्पन्न भयो । नव गठित स्थानीय एकाईका मतदाताले नयाँ प्रतिनिधि छान्नलाई उल्लेख्य सहभागितासहित २० वर्षमा पहिलो पटक मतदान गरे । डिआरसी नेपालले निर्वाचन अवधिभर निर्वाचन र राजनीतिक प्रक्रियाको आलोचनात्मक, स्वतन्त्र र उच्च गुणस्तरीय मूल्यांकन गर्न पर्यवेक्षण गरेको थियो । यो प्रारम्भिक प्रतिवेदनले दोस्रो चरणको स्थानीय तहको निर्वाचन पूर्व, निर्वाचनको दिन र निर्वाचन पश्चात गरी तीनै प्रक्रियाको पर्यवेक्षणको नतिजा र त्यसमा आधारित सुझाव समेटेको छ ।[1]

डिआरसी नेपालले वैशाख ३१ मा सम्पन्न पहिलो चरणको निर्वाचनको प्रारम्भिक प्रतिवेदन २४ जेठमा सार्वजनिक गर्‍यो । यसले अब असोज २ मा हुने तेस्रो चरणको निर्वाचनको पर्यवेक्षण गर्ने योजना बनाएको छ । सबै स्थानीय तहको निर्वाचन पर्यवेक्षण सकिएपछि डिआरसी नेपालले अन्तिम समग्र प्रतिवेदन सार्वजनिक गर्नेछ । निर्वाचनका सरोकारवालालाई निर्वाचनबारे महत्वपूर्ण जानकारी समयमै उपलब्ध गराउनु र भविष्यका लागि आवश्यक नीति निर्माण र सुधारका लागि सुझाव दिनु डिआरसी नेपालको पर्यवेक्षणको उद्देश्य हो ।

## २. डिआरसी नेपालको पर्यवेक्षण

वैशाख २९, २०७४ मा डिआरसी नेपालले प्रदेश १, २, ५ र ७ मा दोस्रो चरणको निर्वाचनअघिको माहोलबारे मूल्यांकन गर्न र जेठ ३१ मा हुने भने पनि पछि सारेर असार १४ मा तोकिएको निर्वाचनको पर्यवेक्षणको तयारी शुरु गर्न ४ घुम्ती पर्यवेक्षण टोली खटायो ।[2] यी प्रदेशका केही छानिएका जिल्लाहरुमा निर्वाचन र राजनीतिक प्रक्रियाको पर्यवेक्षणलाई सघन पार्न एक घुम्ती टोली सहित थप ४ टोली जेठ २९ मा खटाइयो ।[3] डिआरसी नेपालका पर्यवेक्षकले असार ४ मा भएको उम्मेदवारी दर्ता हुनु अघिदेखि सामान्य राजनीतिक र निर्वाचनको वातावरणलाई नजिकबाट

[1] डिआरसीले निर्वाचन पर्यवेक्षणका लागि ८ टोली खटाएको थियो । प्रत्येक टोलीमा निर्वाचन पर्यवेक्षण र निर्वाचनसम्बन्धी कानुनी संरचनाका विषयमा तालिम प्राप्त दुई सदस्य थिए जसले पर्यवेक्षणका लागि आवश्यक फारम र चेकलिस्ट उपयोग गरी उपयुक्त सूचना संकलन गरेका थिए ।

[2] नेपाल सरकारले जेठ १७ मा आन्दोलनरत राजपा नेपालसँग सहमति गरी दोस्रो चरणको निर्वाचन पुनः सार्ने निर्णय गर्‍यो । हेर्नुहोस् : http://archive.setopati.com/raajneeti/70773/

[3] घुम्ती टोलीलाई अन्य पर्यवेक्षण टोलीलाई सघाउने अथवा अन्य टोलीले नसकेका कुनै घटनाको फलोअप गर्ने आदि काम लगाइनुका साथै काठमाडौंमा रहेको मुख्य टोलीले थप पर्यवेक्षण उपयोगी हुने ठानेका क्षेत्रहरुमा पठाइन्थ्यो ।

नियाल्नुका साथै उम्मेदवारी दर्ता, प्रचारप्रसार, सुरक्षा स्थिति, मौन अवधि, मतदान, र मतगणना प्रक्रियाका साथै निर्वाचन पश्चातको अवस्था जस्ता निर्वाचनका सबै प्रक्रियालाई पर्यवेक्षण गरेका थिए ।[4]

## ३. राजनीतिक घटनाक्रम

असोज ३, २०७२ मा नेपालले नयाँ संविधान अपनायो र यस संविधानअनुसार २०७४ सालको मध्यसम्ममा स्थानीय, प्रादेशिक तथा केन्द्रीय स्तरका लागि निर्वाचन गरिसक्नु पर्छ । नयाँ संविधान र यसलाई जारी गर्ने प्रक्रिया अत्यन्तै विवादास्पद रह्यो । नेपालभरि नै सीमान्तकृत तथा अल्पसंख्यक समूहहरूले आफ्नो प्रतिनिधित्व राम्ररी झल्किने गरी यसमा सुधारको माग गर्दै विरोध गरे । २०७२ असोजको पहिलो सातादेखि २०७३ मध्य माघसम्म नयाँ संविधानको विरोधमा प्रदर्शनहरु गरिए, जसमध्ये विरोधरत मधेशी दलहरूको कैयौँ महिना लामो नाकाबन्दी सहितको प्रदर्शनको सिलसिलामा सुरक्षा अधिकारीसहित ५० जनाभन्दा बढीको ज्यान गयो ।[5]

नयाँ संविधानको प्रमुख प्रावधानमध्ये नेपालका स्थानीय सरकारका एकाईहरूको पुनर्संरचना तथा केन्द्रमा निहित शक्तिलाई नवनिर्मित प्रादेशिक तथा स्थानीय एकाईहरूसम्म पुऱ्याउनु पनि एक थियो । संविधानको यही प्रावधानअनुसार एक वर्ष भित्रमा नयाँ स्थानीय एकाईहरू प्रस्ताव गर्ने जिम्मेवारीसहित चैत २, २०७२ मा स्थानीय तह पुनर्संरचना आयोग गठन गरियो । उक्त आयोगले पहिला पुस २२ मा सरकारलाई प्रतिवेदन बुझाउँदा ७१९ वटा स्थानीय एकाई प्रस्ताव गरेको थियो तर यसमा देशभरिबाट, र अझ खास गरी आन्दोलनरत मधेशी दलहरुबाट असन्तुष्टि र विरोधका आवाज आएपछि सरकारले थप २५ स्थानीय एकाई थपेर चैत २, २०७३ मा अनुमोदन गरेसँगै कार्यान्वयनमा ल्यायो ।[6]

अपेक्षित निर्वाचनलाई सम्भव तुल्याउने उद्देश्यसहित स्थानीय तह पुनर्संरचना प्रक्रियामा हतार गरिएको थियो । विरोधका कार्यक्रम भइरहँदा यस प्रक्रिया चलेको थियो, खास गरी स्थानीय एकाईहरुभन्दा पहिले नयाँ प्रदेशहरूको निर्माण माग गर्दैआएका मधेशी दलहरूले यसको विरोध गरेका थिए ।[7] स्थानीय एकाईहरूको संख्याको विषय पनि अत्यन्तै विवादास्पद रहेको थियो जसका कारण मधेशकेन्द्रित दलहरूलाई दोस्रो चरणको निर्वाचनमा संलग्न गराउन सरकारले दुई चरणका निर्वाचन बीचको समयमै पनि थप २२ नयाँ एकाई प्रस्ताव गर्नुपरेको थियो । तर सर्वोच्च अदालतले यो निर्णयलाई रोकिदियो ।[8]

फागुन ९, २०७३ मा सरकारले वैशाख ३१, २०७४ मा २० वर्षपछि पहिलो स्थानीय निर्वाचन गर्ने घोषणा गरेपछि उत्साही र शंकालु दुवै खाले प्रतिक्रिया आए । निर्वाचन तोकिएको दिनअघि गर्नुपर्ने तयारीका लागि बाँकी रहेको छोटो अवधि सबैभन्दा चिन्ताको विषय थियो । दोस्रो, राजनीतिक दल र अन्य सरोकारवालाहरुबीच निर्वाचन गर्ने विषयमा तीव्र असहमति विद्यमान थिए । विरोधरत दलहरु, मुख्यगरी तत्कालीन संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाले निर्वाचनको तुरुन्तै विरोध गऱ्यो र उनीहरुको प्रादेशिक सीमांकन र समानुपातिक प्रतिनिधित्व लगायतका धेरै अघिदेखिका माग सम्बोधन गर्न संविधान संशोधन गरेर मात्रै निर्वाचन गर्नलाई जोड दियो । यी विरोधरत दलहरुले संविधान संशोधनविना चुनाव गरिएमा बहिष्कार र अवरोध गर्ने धम्की पनि दिएका थिए ।

---

[4] पहिला उम्मेदवारी दर्ता असार २ मा तोकिएको भए पनि पछि मुख्य दलहरुले उम्मेदवारको टुंगो नलगाइसकेकाले असार १ मा यसको मिति सार्ने निर्णय गरिएको थियो ।

[5] हेर्नुहोस्: http://www.hindustantimes.com/opinion/end-of-the-madhesi-blockade-what-it-means-for-nepal/story-JixO1gsdWLprj8Lc6G0hQL.html

[6] हेर्नुहोस्: ‘स्थानीय तहको संख्या ७४४ बनाउने निर्णय’ http://www.bbc.com/nepali/news-39174288 .

[7] स्थानीय तह पुनर्संरचनाबारे विवादसम्बन्धी जानकारीका लागि डिआरसी नेपालको यो प्रतिवेदन हेर्नुहोस्: ‘Preliminary Findings on Local Body Restructuring at the Local Level’

[8] हेर्नुहोस्: ‘स्थानीय तह बढाउने निर्णय कार्यान्वयन नगर्न सर्वोच्चको आदेश’ http://www.nagariknews.com/news/20725/

तराईमा लगातारको विरोधपछि हिंसा उत्कर्षमा पुग्यो र सप्तरीमा फागुन २३ मा सुरक्षाकर्मीहरूले गोली चलाउँदा पाँच व्यक्तिको मृत्यु भयो ।[9]

यस घटनाको केही समयपछि सरकार र मधेशकेन्द्रित दलहरूबीच बैशाख १० मा निर्वाचनमा उनीहरुको सहभागितालाई सहज बनाउने र लामो समय बहसमा रहेको संविधान संशोधन विधेयकलाई केही परिमार्जनसहित पास गर्ने सहमति भयो । यति भएपछि राजपा नेपाल लगायतका आन्दोलनरत दल निर्वाचनमा सहभागी हुन्छन् भन्ने अपेक्षासहित सरकारले दुई चरणमा निर्वाचन गर्ने र दोस्रो चरणको निर्वाचन जेठ ३१ मा गर्ने एकलौटी निर्णय गऱ्यो ।

यसैबीच वैशाख १३ मा ६ मधेशकेन्द्रित दलहरुको एकीकरण भई नयाँ दल राष्ट्रिय जनता पार्टी नेपाल (राजपा नेपाल) गठन भयो । संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाका दलहरुमध्येको उपेन्द्र यादव नेतृत्वको संघीय समाजवादी फोरम नेपाल ले राजपा नेपालमा समाहित नहुने निर्णय गरी जेठ १२ मा दोस्रो चरणको निर्वाचनमा भाग लिने निर्णय गऱ्यो ।[10] संयुक्त सरकारमा सहभागी दुई मुख्य दलहरुको पूर्व सहमतिअनुसार जेठ २३ मा नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाले नेकपा माओवादी केन्द्रका पुष्पकमल दाहाल 'प्रचण्ड' लाई प्रधानमन्त्रीका रुपमा विस्थापित गरे । नयाँ सरकारले दोस्रो चरणको निर्वाचन अगावै संविधान संशोधन गर्नेछ भन्ने आसामा राजपा नेपालले देउवालाई प्रधानमन्त्रीका रुपमा छान्ने प्रक्रियामा सहभागी भई उनलाई मत जाहेर गऱ्यो ।[11]

नवगठित सरकारले वैशाख १० मा उनीहरुको माग सम्बोधन हुने गरी गरेको सम्झौता कार्यान्वयन नगरेको भन्दै जेठ २८ मा राजपा नेपालको नेतृत्वमा मधेशकेन्द्रित दलहरुले दोस्रो चरणको निर्वाचन सम्पूर्ण तराईमा बहिष्कार र अवरोध गर्ने घोषणा गरे । राजपा नेपालले पनि निर्वाचनमा भाग लिन सकोस् भन्दै निर्वाचनको मिति पुनः पर सारी असार ९ मा पुऱ्याइयो । तराईमा मुस्लीम समुदायले मनाउने चाड रमादान परेकाले त्यस मिति पनि तुरुन्त फेरेर निर्वाचनको मिति असार १४ लाई तोकियो । संविधान संशोधन गर्ने राजपा नेपालको माग पूरा गर्न असफल भएपछि र त्यस दललाई निर्वाचन प्रक्रियामा ल्याउन नसकेपछि निर्वाचन आयोग र प्रमुख विपक्षी दल नेकपा एमालेको सहमति बेगरै सरकारले मध्य तथा पूर्वी तराई समेट्ने प्रदेश २ को निर्वाचन पुनः सारेर तेस्रो चरणमा असोज २ मा गर्ने निर्णय गऱ्यो ।[12]

## ४. निर्वाचन कानुन संरचना

*निर्वाचन प्रक्रिया*

असार १४ मा, निर्वाचन आयोगले दोस्रो चरणको निर्वाचनअन्तर्गत प्रदेश १, ५ र ७ मा निर्वाचन गरायो जहाँ कूल ७४४ स्थानीय एकाईमध्ये ३३४ एकाई (नगरपालिका र गाउँपालिका) को निर्वाचन भएको थियो । यस चरणमा ६,४३२,७६५ नागरिक मतदाता सूचीमा दर्ता भएका थिए र हरेक मतदातालाई आफ्नो स्थानीय एकाई र वडाका लागि सात प्रतिनिधि (एक एकाई प्रमुख- मेयर अथवा अध्यक्ष र अर्को उपमेयर अथवा उपाध्यक्ष र वडा तहका पाँच प्रतिनिधि) को निर्वाचन गर्न एक मत पत्र दिइएको थियो ।[13]

---

[9]हेर्नुहोस्: 'सप्तरीमा घाइते थप एकको मृत्यु, मृतक संख्या चार' http://himalkhabar.com/news/2499

[10]मधेशकेन्द्रित दलहरुले नयाँ दल राष्ट्रिय जनता पार्टी नेपाल बैशाख ७ मा गठन गरे । हेर्नुहोस्: http://www.pahilopost.com/content/-31094.html. 'संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाको एक प्रमुख दल संघीय समाजवादी फोरम नेपालले भने जेठ १२ मा निर्वाचनमा भाग लिने निर्णय गऱ्यो । हेर्नुहोस्: http://www.myrepublica.com/news/20765/

[11]हेर्नुहोस्: http://archive.setopati.com/chapa-bata/71062/

[12]हेर्नुहोस्: 'प्रदेश नम्बर २ मा असोज २ गते चुनाव गर्ने मन्त्रिपरिषदको निर्णय' https://setopati.com/politics/49085

[13]नेपालको स्थानीय निर्वाचनका लागि मतदाता सूचीमा जम्मा १४,०५४,४८२ नागरिक दर्ता भएका थिए । सरकारले निर्वाचनको घोषणा गरेपछि फागुन ९, २०७३ देखि मतदाता दर्ता कार्यक्रम बन्द गरिएको थियो ।

नवनिर्वाचित प्रतिनिधिले आआफ्ना नगरपालिका र गाउँपालिकामा विधायिका बनाउँछन् । हरेक विधायिकामा स्थानीय निकाय प्रमुख, उपप्रमुख, वडा अध्यक्ष, वडा सदस्य, र दलित/अल्पसंख्यक समुदायका निर्वाचित प्रतिनिधि हुनुपर्दछ ।[14] त्यसै गरी, निर्वाचनको नतिजा घोषणा भएको १५ दिनभित्र सबै नगरपालिका र गाउँपालिकाले स्थानीय एकाईका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष, र नव गठित विधायिकाले निर्वाचित गरेका सदस्यसहितको कार्यकारी परिषद गठन गर्नु पर्दछ ।

डिआरसी नेपालका पर्यवेक्षकहरुले निर्वाचन परिणाम आइसकेका केही स्थानहरुमा स्थानीय कार्यकारिणीको गठन प्रक्रिया सुरु भइसकेको उल्लेख गरेका थिए ।[15] यद्यपि डिआरसी नेपालका टोलीले भेटेका निर्वाचित प्रतिनिधिहरुले आफ्नो भूमिका र जिम्मेवारीमा चेतनाको कमी भएको बताए । उनीहरुको भूमिका बुझ्न र सोही अनुरुप काम गर्न आवश्यक स्थानीय स्वायत्त शासनबारे कानुन पास भइसकेको छैन, संसदमै विचाराधीन रहेको छ ।

*कानुनी संरचना र कार्यान्वयन*

स्थानीय तहको निर्वाचन गर्नका लागि आवश्यक कानुनी संरचना पहिलो चरणको निर्वाचन अघि नै तयार पारिसकिएको थियो । पहिलो चरणको निर्वाचनमा सामना गरेका समस्यालाई सम्बोधन गर्न पहिलो र दोस्रो चरणको निर्वाचनको बीचमा कानुनी संरचनामा केही परिवर्तन गरिएको थियो । उदाहरणका लागि, सुरक्षा अधिकारीका लागि निर्वाचन आयोगले मत गणनामा दलका प्रतिनिधिलाई मत पत्रको अति नजिक जान नदिने नयाँ नियम जारी गर्‍यो । यो नियम भरतपुर महानगरपालिकामा दलका प्रतिनिधिले गणनाका क्रममा विवादका बीच मतपत्र च्यातेको आरोप आएपछि ल्याइएको थियो ।[16] डिआरसी नेपालका पर्यवेक्षकहरुका अनुसार धनकुटा, सोलुखुम्बु र दाङ जिल्लामा यो नियमलाई कडाइका साथ लागु गरिएको थियो ।

निर्वाचनका यी दुई चरणबीच ल्याइएको अर्को परिवर्तनमा निर्वाचन आयोगले असार १६ मा मतगणनाका कर्मचारीका लागि जारी गरेको निर्देशन थियो जसमा स्थानीय तह निर्वाचन ऐन २०७३ को दफा ६० अनुसार गणना स्थलमा दलका प्रतिनिधि या उम्मेदवार नभए पनि गणना सुरु गर्ने भन्ने थियो । यद्यपि गणनामा खटिएका कर्मचारी यो प्रावधानबारे अनभिज्ञ भएको र केही स्थानमा यसका कारण मतगणना सुरु गर्न ढिलो भएको पाइएको थियो । निर्वाचन आयोगले मतपेटिकाभित्र पाइएको कूल मत नै वास्तविक खसेको मत संख्या मानिने एक अर्को निर्देशिका जारी गर्‍यो । मतपेटिकाभित्र पाइएको मत संख्या मतपेटिका बाहिर लेखिएको संख्यासँग नमिलेर निस्कने जम्मा मत संख्यासम्बन्धी विवाद र गणनामा आउने अवरोध रोक्न यस्तो नियम ल्याइएको पाइयो । पहिलो चरणमा झापा र कञ्चनपुरमा यस्तो विवाद आई गणना रोकिएको थियो ।

स्थानीय तह निर्वाचन ऐन २०७३ को दफा ३८ ले ज्येष्ठ नागरिक र अपांग व्यक्तिलाई उनीहरुको मताधिकार इच्छ्याइएको व्यक्तिमार्फत प्रयोग गर्न मिल्ने उल्लेख गरेको छ । डिआरसी नेपालका पर्यवेक्षक टोलीले यस प्रावधानमा केही अन्यौल भएको पाएका छन् । कसले यसरी सघाइदिन मिल्छ भन्नेमा र कुन उमेरभन्दा

[14] नेपालको संविधान २०७२ को धारा २१५ र २१६ अनुसार नगर/गाउँ कार्यकारिणीका सदस्यमा विधायिका सदस्यले जिताएका पाँच/चार महिला सदस्य हुन्छन् । यो कार्यकारिणीमा दलित/अल्पसंख्यक समुदायका सदस्य पनि विधायिका सदस्यले चुन्नुपर्छ । यी सदस्यहरु भने विधायिका भन्दा बाहिरका पनि हुन सक्छन् ।

[15] स्थानीय निर्वाचन २०७३ अनुसार निर्वाचनको नतिजा घोषणा भएको १५ दिनभित्र स्थानीय कार्यकारिणी गठन भइसक्नु पर्दछ ।

[16] भरतपुर महानगरपालिकामा जेठ १४ मा नेकपा माओवादी केन्द्रका प्रतिनिधिले गणनाका क्रममा वडा नं १९ को ९० मत च्यातेपछि मतगणना रोकिएको थियो । निर्वाचन आयोगले स्थानीय तहको निर्वाचन ऐन २०७३ बमोजिम पुनः मतदान गर्ने निर्णय गरेको थियो । आयोगको यो निर्णय विरुद्ध जेठ २१ मा सर्वोच्च अदालतमा मुद्दा दर्ता गरियो । अनेकौं पटक सुनुवाइ सारेपछि सर्वोच्च अदालतले साउन १५ मा उक्त वडामा पुनः निर्वाचन गर्ने निर्वाचन आयोगको निर्णयलाई सदर गर्‍यो ।

माथिकाले यस्ता मतदान सहयोगी लैजान पाउँछन् भन्नेमा विवाद धेरै स्थानमा देखियो । कानुनतः परिवारका सदस्य मात्र यस्तो सहयोगी बन्न पाउने भए पनि परिवारबाहिरका व्यक्तिले मतदानमा सघाएको भेटियो । सघाउने व्यक्तिको उमेर सीमाबारे निर्वाचन कानुनले केही बोल्दैन । दाङ जिल्लामा धेरै नै अन्यौल भएपछि अन्त्यमा मतदान अधिकारीले एक नौवर्षे बालकलाई उसका हजुरबा र हजुरआमाको मताधिकार प्रयोगमा सघाउन पठाएको पर्यवेक्षकहरुले जनाएका छन् ।

राजपा नेपाललाई दोस्रो चरणको निर्वाचनमा भाग लिन सहज बनाउने हेतुले स्थानीय निर्वाचन ऐन २०७३ र राजनीतिक दल ऐन २०७३ मा परिमार्जन गरिएको थियो । संसदले जेठ २६ मा स्थानीय निर्वाचन ऐन २०७३ को दफा १८ मा संशोधन गर्‍यो जसमा राजपा नेपाल निर्वाचन आयोगमा दर्ता हुन मिल्ने गरी दल दर्ता गर्ने समयसीमा थपियो । राजनीतिक दल ऐनको दफा २०७३ को खण्ड १० (७) लाई पनि संशोधन गरी राजपा नेपाललाई निर्वाचन चिह्न र झण्डा यसमा समाहितमध्ये पुरानै एक दलको उपयोग गर्न मिल्ने बनाइयो । यसअघिको प्रावधानअनुसार एकीकृत दलले त्यसमा समाहित दलहरुको झण्डा, निर्वाचन चिह्न अथवा नाम एकीकरणको एक वर्षसम्म प्रयोग गर्न नमिल्ने थियो ।

## ५. पर्यवेक्षणका निष्कर्ष

### क. निर्वाचनपूर्वको अवधि

निर्वाचन मितिबारे तथा राष्ट्रिय जनता पार्टी नेपालको सहभागिताबारे अन्यौलका कारण असार १४ मा भएको दोस्रो चरणको निर्वाचनको तैयारी बारम्बार बिथोलिएको थियो । डिआरसी नेपालले भ्रमण गरेका जिल्लाभित्र तथा जिल्लाहरूबीच निर्वाचनबारे उत्साह तथा तैयारीको स्तरमा डिआरसी नेपालका पर्यवेक्षण टोलीहरूले टड्कारो भिन्नता अवलोकन गरेकाथिए । जेठ १५ मा जेठ ३१ का लागि तोकिएको निर्वाचन असार ९ मा सारिनुअघि सबै प्रदेशमा खटिएका डिआरसीएनका पर्यवेक्षण टोलीहरूले राजनीतिक दलहरू तथा निर्वाचन अधिकारीहरू सहित जनमानसमा व्यापक अन्यौल तथा अस्तव्यस्तता रहेको जानकारी दिएका थिए ।

*उम्मेदवार मनोनयन प्रक्रिया*

स्थानीय निर्वाचन २०७४ को दोस्रो चरणको निर्वाचनका लागि उम्मेदवार मनोनयन तथा अन्तिम चयन प्रक्रिया असार ४ देखि ७ बीच सम्पन्न भएको थियो । असार २ गते सुरु हुने भनिएको यो प्रक्रिया नेपाल सरकार तथा निर्वाचन आयोगको असार १ को आकस्मिक निर्णयका कारण दुई दिन ढिलो सरेको थियो । प्रमुख राजनीतिक दलहरूमा नै उम्मेदवारहरूको अन्तिम चयन कार्यमा भएको ढिलाइका कारण मनोनयन तथा चयन प्रक्रियालाई पछाडि सार्नुपरेको बताइएको थियो ।

डिआरसी नेपालका टोलीहरूले भ्रमण गरेका जिल्लाहरूमा यसरी आकस्मिक रूपमा मनोनयन प्रक्रियालाई पछि सार्नुले व्यापक अन्यौलको सिर्जना गर्नुका साथै अन्य समस्या उब्जाएको पाइएको थियो । असार १४ को मतदान मितिलाई कायमै राख्दै यसरी अकस्मात मनोनयन मितिलाई दुई दिनले पछि सार्दा त्यसै पनि अत्यन्तै छोटो रहेको प्रचारप्रसार अवधिलाई झनै साँघुरो बनाएको थियो । यसले उम्मेदवार मनोनयन प्रक्रिया सकिएपछि मात्रै निर्वाचन चिह्न प्रदान गरिएका स्वतन्त्र उम्मेदवार तथा साना दललाई थप चेपुवामा पारेको थियो ।

प्रदेश १, ५ र ७ का ६ जिल्लामा डिआरसी नेपालले दोस्रो चरण निर्वाचनको उम्मेदवार मनोनयन प्रक्रिया पर्यवेक्षण गरेको थियो ।[17] डिआरसी नेपालका पर्यवेक्षण टोलीहरूले भ्रमण गरेका प्रायः स्थानमा पहिलो चरणको निर्वाचनमा भन्दा दोस्रो चरणमा उम्मेदवार मनोनयन प्रक्रिया बढी प्रभावकारी रहेको बताएका थिए । तैपनि उम्मेदवार तथा पर्यवेक्षण टोलीका सदस्य दुवैले उक्त प्रक्रिया अत्यन्तै समय खर्चिने, कर्मचारीतन्त्र हावी भएको तथा जटिल भएको बताएका थिए । उम्मेदवार मनोनयन तथा अन्तिम चयन प्रक्रिया भोलिपल्ट बिहान ५ बजेसम्म लम्बिएको सोलुखुम्बुजस्ता जिल्लामा ढिलासुस्तीको प्रभाव उल्लेख्य थियो । उम्मेदवार तथा अधिकृत दुवैबीच प्रक्रियागत स्पष्टताको अभाव तथा केही व्यक्तिगत र प्राविधिक समस्याहरू यस्तो ढिलासुस्तीका प्रमुख कारक थिए ।[18] मनोनयन प्रक्रिया बिथोल्ने राजपाको धम्कीका कारण संवेदनशील वर्गमा राखिएको नवलपरासी जिल्लाका केही स्थानमा मनोनयन प्रक्रिया अप्राकृतिक रूपमा अत्यधिक सुरक्षा संयन्त्रको उपस्थितिबीच भएको थियो ।[19]

डिआरसी नेपालको पर्यवेक्षणले पहिलो चरणको दाँजोमा कम उम्मेदवारी फिर्ता तथा अयोग्य घोषणा भएको पायो । मनोनयन प्रक्रिया प्रायः सहज ढंगले सम्पन्न तथा अन्तिम उम्मेदवार सूची प्रकाशन र निर्वाचन चिह्न वितरण प्रायः समयमै समापन भएको पाइयो । यसका केहि अपवादहरू थिए । उदाहरणकालागिः सोलुखुम्बुको सोलुदूधकुण्ड नगरपालिकामा अन्तिम उम्मेदवार सूची प्रकाशन तथा निर्वाचन चिह्न वितरण गर्न झण्डै एक दिन धेरै लागेको थियो ।

यसले आफ्नो प्रचारप्रसार योजना निर्माण तथा कार्यान्वयनमा र प्रचारप्रसार अवधिमा असार पुगेकाले साना दलका तथा स्वतन्त्र उम्मेदवारले असन्तुष्टि व्यक्त गरेका थिए ।

*प्रचारप्रसार अवधि*

डिआरसी नेपालका टोलीहरूले भ्रमण गरेका प्रायः स्थानहरूमा प्रमुख राजनीतिक दलहरूले आधिकारिक प्रचारप्रसार अवधिभन्दा धेरै अघि नै प्रचारप्रसार सुरु गरिसकेका थिए । नेकपा (माओवादी केन्द्र) तथा अन्य दलका उम्मेदवारहरूले आधिकारिक मनोनयन समयभन्दा हप्तौं अगाडिदेखि प्रचारप्रसार सुरु गरिसकेका थिए किनभने यस्ता राजनीतिक दलहरूले आधिकारिक रूपमा उम्मेदवारी दर्ता गर्नुपर्ने समयभन्दा अघि नै उम्मेदवार तोकिसकेका थिए । अन्य प्रमुख दलले आफ्ना उम्मेदवार आधिकारिक मनोनयन समय नजिकै मात्रै तोकेका थिए र आफ्नो प्रचारप्रसारलाई प्रायः आफ्ना कार्यकर्ता तथा सँस्थाहरूमाथि निर्भर रहेर पार्टी लाइन अनुसार प्रचारप्रसार गरेका थिए ।

दोस्रो चरणको निर्वाचनका लागि प्रचारप्रसारको स्वरूप पहिलो चरणकै झैँ रह्यो । घरदैलो कार्यक्रमलाई प्राथमिकता दिइएको थियो र सीमित संख्यामा सार्वजनिक सम्मेलन तथा र्‍यालीहरू आयोजना गरिएका थिए ।

[17] डिआरसी नेपालका पर्यवेक्षण टोलीहरूले धनकुटा जिल्लाको धनकुटा नगरपालिका, सोलुखुम्बु जिल्लाको सोलुदूधकुण्ड नगरपालिका, नवलपरासी जिल्लाको सुनवल नगरपालिका, दाङ जिल्लाको घोराही नगरपालिका र कैलाली जिल्लाको टिकापुर नगरपालिकामा उम्मेदवार मनोनयन प्रक्रिया पर्यवेक्षण गरेका थिए ।

[18] राजनीतिक दलहरूसहित थुप्रै प्रत्याशी उम्मेदवार मनोनयन दर्ता गर्न चाहिने कागजपत्रबारे अनभिज्ञ थिए । कागजपत्र प्रमाणीकरण तथा प्रक्रियाबारे प्रमुख निर्वाचन आयुक्तको कार्यालयकै कर्मचारीबीच पनि अन्यौल व्याप्त थियो । प्राविधिक रूपमा मनोनयन दर्ता भौतिक रूपमा तथा विद्युतीय माध्यम दुवैमा दर्ता गरिएको थियो । विद्युत आपूर्ति तथा आयोगको आफ्नै प्रक्रिया तथा सफ्टवेयरप्रति विश्वसनीयता र अपडेट गर्न चाहिने इन्टरनेटको अभावका कारण यसो गरिएको थियो ।

[19] यसका लागि राजपा नेपालको विरोध, सीके राउत समर्थकबाट हुनसक्ने हस्तक्षेप प्रयास, तथा यी जिल्लाहरूमा मनोनयन दर्ता मितिसम्म पुग्दाका घटनाहरूलाई कारक बताइएको थियो । अन्य विवरणका लागि यसै प्रतिवेदनको निर्वाचनपूर्व सुरक्षा तथा हिंसाबारे अंश हेर्नुहोस् ।

डिआरसी नेपालले भ्रमण गरेका प्रायः स्थानमा प्रमुख राजनीतिक दलका प्रचारप्रसार अभियान अवलोकन गर्न सकिन्थ्यो भने स्वतन्त्र उम्मेदवार तथा साना दलको प्रचारप्रसार कम्जोर तथा न्यून संख्यामा रहेको बताइएको थियो । प्रचारप्रसारको क्रममा झण्डा, टिसर्ट तथा टोपीको प्रयोग व्यापक थियो । मतदातालाई प्रभावित पार्न विभिन्न समुदायमा ठूलाठूला भोज तथा पार्टी गरिएको हल्ला व्यापक भए पनि डिआरसी नेपालले स्वतन्त्र रूपमा त्यसको पुष्टि गरेको थिएन ।

डिआरसी नेपालका टोलीहरूले भेटेका प्रायः सबै जवाफदाताहरूले प्रचारप्रसारको क्रममा विगतका निर्वाचनमा भन्दा यसपटक अत्यन्तै धेरै खर्च गरिएको बताएका थिए । निर्वाचन खर्चको सत्यतथ्य परिमाण निक्यौल गर्न सम्भव नभए पनि भ्रमण गरिएका जिल्लाहरूका स्थानीय तथा प्रमुख दलका नेताहरूले सफल रूपमा निर्वाचित हुन अब सामान्य नागरिकको पहुँचबाट धेरै पर पुग्दै गएको बताएका थिए । बाँके, बर्दिया, मोरङ तथा झापा जस्ता जिल्लाका प्रमुख दलका नेताहरूले दल तथा समुदायप्रति समर्पित भएर सेवा गरेका व्यक्तिको सट्टा धेरै रकम खर्च गर्न सक्ने व्यक्तिहरूलाई आफ्ना दलले उम्मेदवारी दिएकोबारे गम्भीर चिन्ता व्यक्त गरेका थिए ।

डिआरसी नेपालले जिल्लाविशेषकै तराईमधेश तथा पहाडी क्षेत्रहरूबीच प्रचारप्रसारमा टड्कारो भिन्नता अवलोकन गरेको थियो । तराईमधेश तथा पहाडी क्षेत्र दुवै भएका नवलपरासी, मोरंग र सुनसरी जिल्लामा यस्तो भिन्नता रहेको डिआरसी नेपालका पर्यवेक्षकहरूले बताएका थिए । विशेषगरी नवलपरासीमा प्रचारप्रसार अवधि अघि र अवधिभरि पूर्वपश्चिम राजमार्गको दक्षिणमा राजपाको प्रभाव उच्च रहेका स्थानीय एकाईका धेरै क्षेत्रमा कुनै आधिकारिक प्रचारप्रसार नभएको तर प्रायः पहाडी समुदायको अधिपत्य रहेको राजमार्ग वरपर तथा त्यसको उत्तरी भेगका क्षेत्रमा प्रचारप्रसार अवधि अघि र अवधिभरि उत्साहित तथा सशक्त प्रचारप्रसार भएको डिआरसी नेपालका पर्यवेक्षकहरूले जनाएका थिए । डिआरसी नेपालका पर्यवेक्षकहरूले मोरङ र सुनसरीमा राजपाको प्रभाव रहेको दक्षिणी भेगमा छिटपुट प्रचारप्रसार भएको पनि जनाएका थिए । नवलपरासीको प्रतापपुर गाउँपालिकामा नेपाली काँग्रेसको तर्फबाट उम्मेदवारी पाउने सम्भावना राखेका एक नेताले आफ्नो क्षेत्रका ठूलो संख्याका नागरिकले निर्वाचन प्रक्रियामा सहभागिता नजनाउने हुनाले आफ्नो कार्यभार सम्हाल्न कठिन हुने भएकाले आफूले उम्मेदवारी अस्वीकार गरेको डिआरसी नेपाललाई बताएका थिए ।

*प्रचारप्रसार मौन अवधि*

मतदान मितिभन्दा ४८ घण्टा अघिबाट मौन अवधि सुरु भयो । पर्यवेक्षण गरिएको प्रायः स्थानहरूमा मौन अवधि तोडिएको अथवा उल्लेख्य घटना भएको जानकारी आएको थिएन । तर राजनीतिक दलहरूले सभा सम्मेलनहरू तथा निजी स्थानहरूमा भोजभतेर आयोजना गरेको हल्ला व्याप्त थियो । डिआरसी नेपालले पर्यवेक्षकहरू खटाएका क्षेत्रमा कुनै पनि आधिकारिक गुनासो दर्ता गरिएको थिएन ।

*निर्वाचनपूर्व सुरक्षा तथा हिंसा*

दोस्रो चरणको निर्वाचन मिति नजिक आउँदै गर्दा निर्वाचनमा सहभागी नहुने राजपा नेपालको निर्णय तथा सक्रिय रूपमै निर्वाचन बिथोल्ने नेकपा (विप्लव) को धम्कीले सुरक्षाबारे गम्भीर चिन्ता सिर्जेको थियो । राजपा नेपालको उल्लेख्य प्रभाव रहेका तराईका जिल्लाहरूमा हिंसाको सम्भावना तथा सिके राउतका जस्ता अतिवादी समूहद्वारा चुनाव बिथोल्ने सम्भावना विशेषगरी चिन्ताजनक थियो । संविधान संशोधन विधेयकलाई संसदमा मतदानका लागि प्रस्तुत गर्न असफल भएलगत्तै नेपाल सरकारले असार १ गतेको निर्णयमार्फत प्रदेश २ मा

निर्वाचनका लागि असोज २ को मिति तोकेपछि राजपाले आफ्ना माग सम्बोधन नहोउन्जेल विरोध जारी राख्ने निर्णय गऱ्यो, नेकपाले निर्वाचनविरुद्धको विरोध अझै व्यापक बनायो, र निर्वाचनमा सहभागी अन्य राजनीतिक दलले आफ्ना प्रचारप्रसार गतिविधिलाइ थप तीव्रता दिए ।[20]

निर्वाचन मितिसम्म आइपुग्दा अपेक्षाकृत निर्वाचनजन्य हिंसाका ठूला घटना भएनन् । तर निर्वाचन सम्बन्धित घटनाहरू निर्वाचनपूर्वको अवधिभरि नै भइरहे । नेपाल मनिटरका अनुसार जेठ २९ र असार ११ बीचको आधिकारिक प्रचारप्रसार अवधिभरमा जम्मा ८९ निर्वाचनसम्बन्धी घटना भएका थिए ।[21] यीमध्ये ४० घटना राजपाको निर्वाचन विरोधी गतिविधि सम्बन्धित थिए । १५ घटनामा नेकपा (विप्लव) को संलग्नता थियो । १३ घटना अन्तर्दलीय विवादका थिए भने १२ घटनामा अनिश्चित समूहहरू तथा विष्फोटक पदार्थ (इम्प्रोभाइज्ड एक्सप्लोसिभ डिभाइस (आइईडी ) संलग्न थिए । २ घटनामा चयन भएका उम्मेदवारविरुद्ध दलका कार्यकर्ताको असन्तुष्टि संलग्न थियो र १ घटना भर्खरै बनेको स्थानीय एकाईविरुद्ध स्थानिय वासिन्दाको आक्रोश कारक थियो ।

नवलपरासीको रामग्राममा निर्वाचनको विरोध गर्न तथा भोलिपल्ट हुने उम्मेदवार मनोनयन प्रक्रियाको विरोध गर्न प्रोत्साहन गर्न राजपाका नेताहरूको सम्बोधन कार्यक्रमसहित असार ३ गते आयोजना गरिएको ऱ्यालीमा एक ठूलो घटना भयो । कार्यक्रमको अन्त्यतिर राजपा समर्थक एक समूहले नेकपा (एमाले) को झण्डा तथा टिसर्टजस्ता निर्वाचन सामग्री जलाउनुका साथै विरोध ऱ्याली आयोजनास्थल नजिकैको यातायात कार्यालयका फर्निचर तोडफोड गरे । घटनाक्रममा प्रहरीले अश्रुग्यास तथा रबर गोली प्रहर गर्दा कम्तीमा चार प्रदर्शनकारी घाइते भए । प्रहरीले केही प्रदर्शनकारीलाई हिरासतमा लियो तर केकति संख्या भन्ने स्वतन्त्र रूपमा पुष्टि भएन ।[22]

मोरङ र सुनसरीमा असार २ गतेको उम्मेदवार मनोनयन प्रक्रिया अघिको अवधिमा प्रहरीले राजपाका कार्यकर्तालाई पूर्वाग्रही रूपमा धम्की दिने तथा गिरफ्तार गर्ने काम गऱ्यो । राजपाका एक जिल्लास्तरीय नेताले डिआरसी नेपाललाई बताए अनुसार प्रहरीले राजपा कार्यकर्ताका घरमै आएर धम्की दिँदै मनोनयन मिति वरपर विरोध तथा बिथोल्ने गतिविधिमा सहभागी भए अनिश्चित कालका लागि गिरफ्तार गर्ने बताएका थिए । डिआरसी नेपालले भ्रमण गरेका प्रायः जिल्लामा र विशेष गरी नेकपा (विप्लव) को उल्लेख्य प्रभाव रहेको रुकुम, रोल्पा, कैलाली तथा बाजुराजस्ता जिल्लामा नेकपा (विप्लव) का नेता तथा कार्यकर्ताहरूलाई पूर्वाग्रही रूपमा गिरफ्तार गरेको जनाइएको थियो । डिआरसी नेपालका प्रायः सबै क्षेत्रमा खटिएका टोलीले त्यस्ता गिरफ्तारी सार्वजनिक अपराध ऐन अन्तर्गत गरिएको जनाएका थिए ।[23]

[20]नेपाल सरकारले प्रदेश २ मा निर्वाचन सार्ने निर्णय राजपा नेपालसँगको सहमतिमा लिइएको र यसले राजपाले निर्वाचनमा सहभागी हुन आवश्यक वातावरण सिर्जना गर्न सघाउने बताएको थियो । त्यस्तो सहमति भएको राजपाले अस्वीकार गऱ्यो र संविधान संशोधनमार्फत आफ्ना माग सम्वोधन नहोउन्जेल चारैवटा प्रदेशमा निर्वाचन पछाडि सार्ने माग गरेको थियो ।

[21]डिआरसी नेपाल र नेपाल मनिटरको प्रतिवेदन हेर्नुहोस्: http://democracyresource.org/wp-content/uploads/2017/07/Analysis-Update-8-Nepali.pdf

[22]यस घटनामा कति रबर गोली प्रहर भयो, कति जना घाइते भए वा कति जनालाई गिरफ्तार गरियो त्यो पुष्टि गर्न प्रहरी तयार भएन । स्थानीय रेडियोले प्रहरीले ३ राउण्ड रबर गोली प्रहार गर्दै राजपाका ४ कार्यकर्तालाई घाइते बनाएको समाचार प्रसार गऱ्यो । जिल्लास्तरका एक राजपा नेताले डिआरसी नेपाललाई त्यस घटनामा रबर गोलीले कम्तीमा ५ कार्यकर्तालाई घाइते बनाएको बताए ।

[23]सार्वजनिक अपराध ऐन २०२७ अन्तर्गत प्रमुख जिल्ला अधिकारीमा कथित सार्वजनिक अपराधका घटना हेर्ने अधिकार हुन्छ जसलाई सामान्य न्यायिक प्रक्रियाबाट सम्बोधन गर्नु पर्दैन ।

यस समयमा भएका अन्य उल्लेख्य घटनामा नेकपा एमालेको विद्यार्थी संगठन अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) ले प्रदेश २ को निर्वाचन सार्ने सरकारको निर्णयविरुद्ध काठमाडौँमा आयोजना गरेको विरोध प्रदर्शनी, बर्दियाको गुलरियामा 'निर्वाचन विरोधी गतिविधि' गरेबापत सिके राउतको नेतृत्व रहेको मधेश पृथकतावादी अभियानका प्रवक्ताको गिरफ्तारी, नेपाली काँग्रेस झापाका दुई उम्मेदवारले मतदातालाई लोभलालच देखाएको, रौतहटको गौरमा एक सम्भावित स्वतन्त्र उम्मेदवारद्वारा अन्य उम्मेदवारलाई मतदान नगर्ने चेतावनीसहित चार दलित व्यक्तिलाई कथित रूपमा कुटपिट गरेको, नेपाल सेनाका एक क्याप्टेन र नेपाल प्रहरीका एक इन्स्पेक्टरले डोटीको बद्रीकेदार गाउँपालिकाका एक नेकपा (माके) का उम्मेदवारलाई धम्की दिएको, तथा दाङको घोराही उपमहानगरपालिकामा उम्मेदवारहरूलाई धम्की दिएको आरोपमा ६ जनालाई गिरफ्तार गरिएको आदि घटना छन् ।

मौन अवधिमा अन्य ६ घटना भएको सूचना छ, जसमध्ये अछाम, दार्चुला, रुकुम र सुनसरीमा दलहरूबीच झडप, कैलालीमा आइईडी विष्फोट हुँदा एक व्यक्तिको मृत्यु, र एक उम्मेदवारद्वारा एक स्थानीय व्यक्तिलाई कुटपिट गरेका घटनाहरू छन् । [24]

*मतदाता शिक्षा*

मतदान मिति सरिरहनाले, निर्वाचनबारे व्याप्त अन्यौल तथा निर्वाचनका लागि अत्यन्तै छोटो अवधि उपलब्ध रहनाले डिआरसी नेपालले भ्रमण गरेका जिल्लाहरूमा मतदाता शिक्षाको स्तर तथा गुणस्तर दुवैमा नकारात्मक असर परेको पाइयो । मतदानको जटिल प्रक्रिया तथा बृहत र क्लिष्ट मतपत्रका कारण मतदाता शिक्षाको प्रयत्न पनि कठिन रह्यो र यसले मतदाता शिक्षक एवं मतदाताबीच व्यापक अन्यौल सिर्जना गर्‍यो ।

डिआरसी नेपाल पर्यवेक्षकले भ्रमण गरेका प्रायः सबै स्थलमा मतदाता शिक्षा अपुग र अक्षम रहेको जानकारी आयो । मोरङमा डिआरसी नेपालले भेटेका मतदाताले मतदाता शिक्षा उनीहरूको समुदायसम्म नपुगेको बताए । यो जानकारी विराटनगर जस्तो शहरी क्षेत्रमा पनि सत्य रह्यो । यद्यपि त्यहाँको क्षेत्रीय निर्वाचन कार्यालयले ६४० स्वयंसेवकलाई दुइहप्ते प्रशिक्षणपछि जिल्लाभरका लागि परिचालन गरेको दाबी गरेको छ । बाजुरा, दार्चुला, सोलुखुम्बु, रोल्पा, ताप्लेजुंग तथा तेह्रथुमजस्ता भ्रमण गरिएका सबै दुर्गम क्षेत्रमा जवाफदाताहरूले आफूले न्यून वा शून्य मतदाता शिक्षा पाएको बताए ।

प्रदेश २ का धनुषा तथा रौतहटजस्ता केही जिल्लामा राजपा कार्यकर्ताहरूले मतदाता शिक्षा कार्यक्रमलाई सक्रिय रूपमै बिथोलेको डिआरसी नेपालले अवलोकन गरेको थियो ।

कैयौँ स्थानमा मतदाता शिक्षाले अपर्याप्त कर्मचारी तथा स्रोत साधनजस्ता चुनौती सामना गर्नुपरेको थियो । राजनीतिक दलका प्रतिनिधि तथा मतदाता लगायतका जवाफदाताले डिआरसी नेपाललाई मतदाता शिक्षाका लागि खटाइएका स्वयंसेवकहरूले पर्याप्त तथा अद्यावधिक अभिमुखीकरण नपाएको बताए । बाँके र बर्दियाजस्ता जिल्लामा स्थानीय भाषाहरूमा मतदाता शिक्षा सामग्री उपलब्ध नहुनु एक प्रमुख चुनौती बताइयो । डिआरसी नेपालले अन्तर्वार्ता गरेका थुप्रैले मतदाता शिक्षा स्वयंसेवकहरू राजनीतिक दलहरूप्रति वफादार

---

[24] हेर्नुहोस् डिआरसी नेपाल र नेपाल मनिटर २०७४: Local Level Election, Silence Period and Election Day: Second Phase Factsheet - 2

हुनु र आफ्नो दलको समर्थनमा मात्रै मतदाता शिक्षालाई केन्द्रित गर्नु चिन्ताको विषय भएको बताएका थिए । रोल्पा र सोलुखुम्बुमा केही स्वयंसेवकले मतदाताहरूलाई स्वयंसेवकहरुले सिकाएको विशेष ढाँचा बाहेक अन्य तरिकाले मतदान गरे मतपत्र बदर हुने भनेर सिकाएकोबारे गुनासो डिआरसी नेपाल पर्यवेक्षकले सुनेका थिए ।

निर्वाचनका लागि तोकिएको मितिका कारण पनि स्वयंसेवकहरूको प्रभावशाली मतदाता शिक्षा प्रदान गर्ने क्षमतामा असार पर्‍यो । स्वयंसेवकहरूले डिआरसी नेपाललाई बताएअनुसार बर्दिया र रुपन्देहीजस्ता जिल्लामा मतदाताहरू सबै बाली लगाउन खेतबारीमा व्यस्त हुने समय र मतदाता शिक्षा समय एउटै परेकाले सबै मतदातासँग सम्पर्क कायम गर्न असम्भव भएको थियो । दार्चुला, ताप्लेजुङ र सोलुखुम्बुजस्ता दुर्गम जिल्लाका स्वयंसेवकले वर्षायाममा केही क्षेत्रसम्म पुग्न अत्यन्तै कठिन भएको तथा मतदाता शिक्षकहरूलाई दिइने पारितोषिक अपर्याप्त भएको बताए ।

*मतदाता नामावली दर्ता*

डिआरसी नेपालले भ्रमण गरेका सबै जिल्लामा राजनीतिक दलका प्रतिनिधि तथा मतदाताको मतदाता नाम दर्ता तथा मतदाता नामावलीबारे उस्तैउस्तै गुनासो रहेको पाइयो । डिआरसी नेपालले अन्तर्वार्ता गरेका व्यक्तिहरू मुख्यतः जेठ ३१ को निर्वाचन मिति घोषणा भएपछि फागुन ९ मै एक्कासि मतदाता नाम दर्ता गरिएकाले नामावलीबाट धेरै व्यक्ति छुटेकोबारे चिन्तित थिए ।[25] नामावलीसम्बन्धी धेरै प्राविधिक समस्याहरूको पनि जानकारी आएको थियो । यीमध्ये सबैभन्दा व्यापक समस्यामा विगतका निर्वाचनमा मतदान गरेका व्यक्ति नयाँ नामावलीमा छुट्नु, मतदाताबारे गलत विवरण नामावलीमा संलग्न हुनु, नामावलीमा भएका नामसँग गलत फोटोहरू हुनु, नामावलीमा नाम दोहोरिनु र मतदाताको नाम गलत वडा नम्बरमा देखिनु रहेका छन् ।

दार्चुला, अछाम, बाजुरा, डडेल्धुरा र रोल्पाजस्ता जिल्लामा श्रमका लागि आवधिक रूपमा भारत पलायन हुने श्रमिकको ठूलो संख्या नामावलीमा छुटेको जानकारी पाइएको थियो । नेपालको नयाँ संविधानविरुद्ध विरोध र आन्दोलनको केन्द्रमा रहेका महोत्तरी, पर्सा तथा रौतहट जस्ता मधेशका जिल्लामा जवाफदाताहरूले संविधान संशोधनजस्ता ठूला राजनीतिक मुद्दामा त्यहाँका नागरिकको ध्यान केन्द्रित रहेकाले नामावलीमा नाम दर्ता गर्नु प्राथमिकतामा नपरेको बताए ।

*मतदाता परिचयपत्र*

डिआरसी नेपालले भेटेका धेरै जवाफदाताले मतदानको दिनमा मतदान गर्न मतदाता परिचय पत्रबाहेक अन्य आधिकारिक परिचयपत्रको प्रयोग गर्न पाइने नपाइनेबारे अन्यौल व्यक्त गरेका थिए । निर्वाचन आयोगले अन्तिम घडीमा अन्य राष्ट्रिय परिचयपत्र पनि प्रयोग गर्न सकिने निर्णय गर्‍यो। डिआरसी नेपालले मतदाता नामावलीमा नाम भएर पनि मतदान गर्ने अधिकारबाट बन्चित पारिएका कसैलाई पनि भेटेन । परिचयपत्र वितरणका समयमा परिचयपत्र कसले संकलन गरेर वितरण गर्न पाउने नपाउनेबारे अन्यौल थियो । सोलुखुम्बु जिल्लामा राजनीतिक दलका प्रतिनिधिले एक मुष्ट रूपमा मतदाता परिचयपत्र संकलन गरेकोबारे डिआरसी

[25]मतदाता नामावली ऐन २०७३ को दफा ४ अनुसार निर्वाचन मिति तोकेको दिनबाट मतदाता नाम दर्ता कार्य स्थगन हुन्छ ।

नेपालले गुनासो सुनेको थियो । बाजुरा तथा रोल्पालगायत दुर्गम जिल्लामा मतदाताले परिचयपत्र संकलन गर्न कैयौं घण्टा पैदल हिँड्नु परेकोबारे निराशा व्यक्त गरेका थिए ।

### ख. निर्वाचनको दिन

असार १४, २०७४ मा सम्पन्न स्थानीय निर्वाचनको दोस्रो चरण अन्तर्गत प्रदेश १, ५ र ७ का ३३४ स्थानीय निकायमा १५,००० भन्दा बढी जनप्रतिनिधि निर्वाचित भए । वर्षायाम र खेतीपाती गर्ने महत्वपूर्ण समयका वावजुद लगभग पहिलो चरणमा जस्तै मतदाता नामावलीमा नाम भएका ७३.६९ प्रतिशत नागरिकले मतदान गरे । विभिन्न प्रदर्शन, निर्वाचन बहिस्कारका आह्वान र मतदान स्थल र उम्मेदवारका घरनजिक बिस्फोटनका कैयन घटना भए पनि निर्वाचनका दिन उल्लेख्य ठूला घटना भएनन् । मिडिया र पर्यवेक्षक समूह दुबैले निर्वाचन प्राविधिक रूपमा सफल रहेको बताए ।

निर्वाचनको दिन सबै प्रदेशमा अन्तरदलीय झडप भए र कार्यकर्ताहरू घाइते भए । डिआरसी नेपालका पर्यवेक्षण टोलीले अछाम, अर्घाखाँची, बझाङ, दाङ र कन्चनपुर लगायतका जिल्लामा यस्ता भिडन्त भएको जानकारी दिए । नेकपा-एमाले र नेकपा (माओवादी केन्द्र) का कार्यकर्ताबीच मतदानस्थलमा झडप भएपछि अछामको मल्लेख गाउँपालिका - ६ को मतदान केही क्षण अवरुद्ध भयो । रोल्पा नगरपालिका - १० को एउटा मतदान केन्द्रमा एक मतदाताले मतपत्रमा तेजाब खसाएको भन्दै मतदान केही बेर स्थगित भयो । यो समाचार सार्वजनिक भएपश्चात् अन्य सबै प्रदेशका मतदान केन्द्र वरपरको सुरक्षामा थप कडाइ गरिएको जानकारी डिआरसी नेपालका टोलीले दिए ।

डिआरसी नेपालले निर्वाचनको दिन प्रदेश १, ५ र ७ भरि ६ जिल्लाका ११९ मतदान केन्द्रमा मतदानको पर्यवेक्षण गऱ्यो ।[26] पर्यवेक्षण गरिएका केन्द्रमा सामान्यतया मतदान सहज रह्यो र उल्लेख्य समस्या देखिएन । केही अपवादबाहेक मतदान समयमै सुरु भयो । मतदान अवधिभर मतदान केन्द्रहरूको संचालन र व्यवस्थापन सन्तोषजनक रह्यो भने मतदानको समापन आवश्यक प्रक्रिया पूरा गरेर गरिए ।

डिआरसी नेपालले स्थानीय रूपमा कुनै मतदाताले भाग नलिएका नवलपरासीको भुझहवा र सोलुखुम्बुको तिङला मतदान केन्द्रको पनि अवलोकन गऱ्यो । स्थानीय निकायको पुनर्संरचनाप्रति असन्तुष्ट यी दुवै स्थानमा मतदान बहिस्कार गरिएको थियो ।

मतदानका लागि मतदाता परिचय-पत्र अनिवार्य हुने भनिए पनि अन्तिम घडीमा निर्वाचन आयोगले अन्य राष्ट्रिय परिचय-पत्रलाई पनि मान्यता दिने निर्णय गऱ्यो । निर्वाचनको दिन डिआरसी नेपालले पर्यवेक्षण गरेका सबै केन्द्रमा मतदातालाई अन्य राष्ट्रिय परिचय-पत्रको आधारमा मतदान गर्न दिइएको देखियो ।

डिआरसी नेपालले पर्यवेक्षण गरेका केन्द्रहरूमा केही असामान्य कुराहरू भने देखिएका थिए । गुलरिया, बर्दियाको एक मतदान केन्द्रमा मतदान गर्ने बुथ गोप्य नभएको र निर्वाचन प्रतिनिधि र सुरक्षाकर्मीले सजिलै देख्ने गरी राखिएको थियो । यसैगरी अन्य मतदान केन्द्रमा पनि मतदान गर्ने बुथ र दलका प्रतिनिधि र निर्वाचन अधिकारीबीचको दूरी एकदमै कम देखिएको थियो । यसको मुख्य कारण मतदान केन्द्रहरूमा पर्याप्त ठाउँ नभएको बताइयो ।

### ग. मतगणना र बदर मत

[26]निर्वाचनको दिन डिआरसी नेपालले सोलुखुम्बु, धनकुटा, नवलपरासी, बर्दिया, दाङ र कैलाली जिल्लामा मतदानको सुरुवात, मतदान, र समापन प्रक्रियाको पर्यवेक्षण गरेको थियो ।

डिआरसी नेपालले पर्यवेक्षण गरेका केन्द्रहरूमा मतगणना सामान्यतया पहिलो चरणभन्दा चुस्त र प्रभावकारी पाइयो । डिआरसी नेपालका टोलीअनुसार मतगणना अधिकारीहरूले पहिलो चरणमा भएका कमजोरीहरूलाई ध्यान दिँदै सुरुदेखि नै एकभन्दा बढी स्थानमा मतगणना गरेको पाइयो । यद्यपि कन्चनपुरको पुनर्वास र सुनसरीको धरान लगायतका मतदान केन्द्रहरूमा भने विभिन्न कारणले मतगणनामा पटकपटक ढिलाइ भयो । प्रक्रियागत अस्पष्टता र मतदान अधिकारीले कुनै एक पार्टीको मत बढाइदिएको आरोपपछि यस्ता ढिलाइ भएका थिए ।[27]

सामान्यतया पहिलो चरणभन्दा प्रभावकारी भए पनि मतगणना सुस्त र जटील रहेको पाइयो । ठूलो र अस्पष्ट मतपत्र, मतगणनासम्बन्धी प्रक्रियागत अस्पष्टता, एकभन्दा बढी स्थानमा गणना गर्न अपर्याप्त कर्मचारी, र मतदानको अन्त्यमा रेकर्ड गरिएको र मतगणना गर्दाको मतसंख्या फरक पर्दा मतगणना प्रक्रिया लम्बिएको पाइयो । केही स्थलमा सबै दल र उम्मेदवारका प्रतिनिधि उपस्थित हुनुपर्ने या नपर्ने भन्ने अस्पष्टताका कारण पनि मतगणनामा ढिलाइ भएको पाइयो ।

यो प्रतिवेदन तयार हुने समयसम्म निर्वाचन आयोगले मतगणना परिणाम र बदर मत संख्याको विस्तृत विवरण औपचारिक रूपमा जारी गरेको छैन । यद्यपि डिआरसी नेपालले अन्तिम विवरण प्राप्त गरेका केही स्थानीय निकायमा बदर मतको प्रतिशत अत्यन्त उच्च पाइएको छ । उदाहरणका लागि नवलपरासीको प्रतापपुर गाउँपालिकामा कुल खसेको मतको १०.३८ प्रतिशत मतपत्र पूर्णरूपमा बदर थिए । यद्यपि वडा प्रतिनिधिका हकमा ६९.९९ प्रतिशतसम्म मत बदर भएको पाइयो ।[28]

डिआरसी नेपालले पर्यवेक्षण गरेका केन्द्रहरूमा खाली मतपत्र (कुनै चिह्नमा पनि छाप नलागाइएको), एउटा प्रतिनिधिका लागि एकभन्दा बढी चिह्नमा छाप लागाइएको, कोठाभन्दा बाहिर छाप लगाइएको जस्ता बदर मतका मुख्य कारणहरू देखिएका थिए ।केही केन्द्रमा उम्मेदवार नभएको चिह्नमा छाप लागाइएका उदाहरण पनि देखिएका थिए ।

डिआरसी नेपालको सीमित पर्यवेक्षणअनुसार अधिकांश मत दलीय आधारमा खसेको पाइयो र  मिश्रित दल र उम्मेदवारलाई मत दिनेको संख्या कम देखियो । यसमा पनि सातमध्ये फरक दलका कुनै एक प्रतिनिधिलाई र अन्य सबै मत एकै दलका प्रतिनिधिलाई दिने प्रवृत्ति देखियो । यसैगरी, तुलनात्मक रूपमा ग्रामीण क्षेत्रभन्दा शहरी केन्द्रहरूमा मिश्रित दल र उम्मेदवारलाई बढी मत दिइएको पाइयो ।

स्मरण रहोस् बदर मत संख्या र मतदान प्रवृत्तिसम्बन्धि डिआरसीको पर्यवेक्षण परिणाम प्रारम्भिक र सीमित छन् र यसको विस्तृत विश्लेषण निर्वाचन आयोगले सम्पूर्ण विवरण जारी गरेपछि गरिनुपर्छ ।

### घ. निर्वाचन पछिको अवस्था

डिआरसी नेपालले प्रदेश १, ५, र ७ का केही जिल्लाहरूमा निर्वाचनपछिको अवस्थाको सीमित पर्यवेक्षण गऱ्यो ।[29] नवनिर्वाचित प्रतिनिधि र पराजित उम्मेदवार लगायत डिआरसी नेपालले भेटेका उत्तरदाताले दलहरुबीचको सम्बन्ध सामान्य रहेको र कुनै उल्लेख्य रिसइवी बाँकी नरहेको बताए । यद्यपि राजपा नेपालले भाग नलिएका नवलपरासी

---

[27]हेर्नुहोस्:http://www.enayapatrika.com/2017/07/05/162240/

[28]प्रतापपुर गाउँपालिका वडा नम्बर ८ को दलित महिला सदस्यको निर्वाचनमा खसेको कुल १,५९६ मतमध्ये ४७९ मात्र सदर हुँदा बदर मत ६९.९९ प्रतिशत भयो । सोही गाउँपालिकाको अध्यक्षको पदमा २८.५७ प्रतिशत र उपाध्यक्षको पदमा ३१.८१ प्रतिशत मत बदर भएको थियो ।

[29]डिआरसी नेपालले सुनसरी, उदयपुर, नवलपरासी, कपिलवस्तु, अर्घाखाँची, बाँके र कञ्चनपुर जिल्लाका सीमित स्थानीय निकायमा निर्वाचन पछिको वातावरणको पर्यवेक्षण गरेको थियो ।

लगायतका जिल्लाहरूमा भविष्यमा स्थानीय राजनीतिक घटनाक्रम कसरी अगाडि बढ्ला भन्ने चिन्ता प्रकट गरियो । डिआरसी नेपालले भेटेका अधिकांश नवनिर्वाचित प्रतिनिधिहरूले स्थानीय शासनसम्बन्धी नयाँ कानुनहरूको अभावमा आफ्ना विशिष्ट जिम्मेवारी र दायित्वसम्बन्धी, र नयाँ स्थानीय निकायका कार्याधिकारसम्बन्धी विभिन्न अस्पष्टता विद्यमान रहेको बताए ।

## ६. निष्कर्ष र सुझाव

*निष्कर्ष*

दोस्रो चरणको स्थानीय निकाय निर्वाचन कुनै उल्लेख्य घटना र आधिकारिक परिणामको चुनौतीबिना सम्पन्न भयो । सामान्य असहमति र गुनासोलाई निर्वाचन अधिकारीले स्थानीय तहमै सल्टाउन सफल भए । यो सकारात्मक पक्ष हो र विभिन्न चुनौती र प्रतिकूल घटनाक्रमका वावजुद निर्वाचन सम्पन्न हुनु सराहनीय उपलब्धि हो ।

बारम्बार गरिएका निर्वाचन मितिको हेरफेर लगायत निर्वाचन अघिका राजनीतिक अन्योलका कारण उम्मेदवार मनोनयनको दिनसम्म मतदाता र उम्मेदवारमा निर्वाचन हुन्छ कि हुन्न भने संशय रह्यो । निर्वाचनको दुई चरणबीच भएको सत्ता परिवर्तन र विरोधरत राजपा नेपाललाई सहमतिमा ल्याउने सन्दर्भमा भएका राजनीतिक खिचातानीजस्ता राष्ट्रिय राजनीतिका घटनाक्रमले थप अन्योलको सिर्जना भयो र सरकार एवं मुख्य राजनीतिक दलको निर्वाचन गर्ने आशय र क्षमतामाथि प्रश्न उठे ।

मुख्य राजनीतिक दलहरू संविधान संशोधनका विषयमा राजपा नेपालसँग सहमतिमा पुग्न नसकेका कारण प्रदेश २ को निर्वाचन पुनः तेस्रो चरणमा हुनेगरी असोज २ का लागि सारियो । यसले सरकार र मुख्य राजनीतिक दलहरू प्रदेश २ मा निर्वाचन गर्न इमान्दार नरहेको र मधेश र पहाडबीचको खाडल अझै बढ्न सक्ने शंकाहरू उत्पन्न भए ।  दुई चरणको निर्वाचनपश्चात् राष्ट्रिय राजनीतिमा स्थानीय निर्वाचन लगभग समापन भएजस्तो माहोल देखिए पनि ठूलो संख्याका नेपाली नागरिकले अझै मतदान गर्न र उल्लेख्य संख्याका स्थानीय निकाय प्रतिनिधि निर्वाचित हुन बाँकी रहेको कुरालाई नजरअन्दाज गर्न सकिँदैन ।[30]

दोस्रो चरणको निर्वाचनमा विशेषगरी तराई-मधेशका जिल्लाहरूमा सुरक्षा परिचालनमा उल्लेखनीय वृद्धि भएको देखियो । सुरक्षाका दृष्टिले संवेदनशील ठानिएका नवलपरासी, कपिलवस्तु, मोरङ र सुनसरी लगायतका जिल्लामा सैन्य परिचालन समेत गरियो । नेपाल सरकारले सुरक्षा संवेदनशीलतालाई ध्यान दिँदै उच्च सुरक्षा व्यवस्था गरेको कारण देखाए पनि यसले आगामी प्रादेशिक र राष्ट्रिय निर्वाचन, र दिगो प्रजातान्त्रिक प्रक्रियामा नकारात्मक नजिर स्थापना गर्ने सम्भावना रहन्छ ।

दोस्रो चरणको निर्वाचनको अर्को चिन्ताको विषय निर्वाचनको विरोध र बहिष्कार गर्ने दल र समूहका कार्यकर्ताहरूको मनोमानी गिरफ्तारी रह्यो । निर्वाचनको लागि शान्तिपूर्ण वातावरण सिर्जना गर्नु र सम्पूर्ण मतदातालाई सुरक्षाको अनुभूति दिनु राज्यको महत्वपूर्ण कर्तव्य हो, तर सुरक्षाको नाममा आधारभूत नागरिक अधिकार हनन हुने परिपाटीलाई बढावा नदिई नागरिकले शान्तिपूर्ण र स्वतस्फूर्त रूपमा मतदान गर्न सक्ने वातावरण तय गरिनुपर्छ ।

डिआरसी नेपालले पर्यवेक्षण गरेका जिल्ला-जिल्लाबीच र जिल्लाकै क्षेत्रबीच निर्वाचनसम्बन्धी उत्साह, तयारी र प्रचारप्रसारको स्तरमा बेजोड असमानता देखियो । यो विशेषगरी नवलपरासी, मोरङ, सुनसरीजस्ता पहाडी र मधेशी दुवैको बाहुल्य भएका क्षेत्र पर्ने जिल्लाहरूमा प्रगाढ थियो । यी जिल्लाका पहाडी मूलका मानिसको बाहुल्य रहेको

[30] प्रदेश २ मा २,६६४,७९२ मतदाता छन् जुन कुल मतदाताको १८.९ प्रतिशत हो ।

क्षेत्रमा निर्वाचनप्रतिको उत्साह र तयारी सर्वत्र देखिन्थ्यो भने मधेशी मूलका मानिसको बाहुल्य रहेको क्षेत्रमा प्रचारप्रसार र उत्साह अत्यन्त कम र नियन्त्रित पाइयो । निर्वाचनको दिन सबै जिल्लाहरूमा सामान्यतया उत्साहजनक सहभागिता देखिए पनि यसलाई सम्पूर्ण समुदायहरूले नयाँ संविधान र नयाँ सामाजिक व्यवस्थाको अनुमोदन गरेको भन्न सकिने अवस्था देखिँदैन ।

दुवै चरणको निर्वाचनका क्रममा विशेषगरी प्रचारप्रसारका दौरानमा प्रमुख राजनीतिक दल सम्मिलित हिंसात्मक घटनाहरू भए । डिआरसी नेपाल र नेपाल मनिटरको प्रतिवेदनअनुसार दोस्रो चरणको निर्वाचनको प्रचारप्रसार अवधिभर मुख्य दलमात्र सम्मिलित १३ हिंसात्मक घटना भएका थिए ।[31] रोल्पा, सोलुखुम्बु, बाजुरा लगायतका जिल्लामा निर्वाचनको दौरानमा मुख्य दलबीच हिंसात्मक झडप हुने इतिहास रहेको बताइएको थियो । प्रमुख दलका नेतृत्वले यो परिपाटी त्याग्न र सबैका लागि सहज राजनीतिक वातावरण बनाउन अग्रसर हुनुपर्ने देखिन्छ ।

निर्वाचन आयोगले विभिन्न गहन चुनौती र अनिश्चितताका वावजुद निर्वाचन सम्पन्न गरे पनि तेस्रो चरणको निर्वाचनअघि विभिन्न महत्वपूर्ण मुद्दा र चिन्ताहरूको सम्बोधन गर्नुपर्ने देखिन्छ । निर्वाचनको प्राविधिक पक्षमा मतदाता नामावलीलाई चुस्त र आवधिक गरिनुपर्ने, पर्याप्त र प्रभावकारी मतदाता शिक्षाको सुनिश्चितता गरिनुपर्ने, निर्वाचनसम्बन्धी कानुन समयमै प्रतिपादन गरिनुपर्ने, र निर्वाचन आयोगलाई निर्वाचनको तयारी र व्यवस्थापन गर्नका लागि पर्याप्त समय र स्रोत उपलब्ध गराइनुपर्ने जस्ता कार्यलाई सबै सरोकारवालाहरूले प्राथमिकतामा राख्नुपर्ने देखिन्छ । राजनीतिक पक्षमा संविधानप्रति विद्यमान असन्तुष्टिलाई गम्भीरताका साथ समाधान गर्नुपर्ने देखिन्छ । ठोस राजनीतिक समाधानबाट मात्र संविधान र आगामी निर्वाचनहरूको सर्वस्वीकार्यता सुनिश्चित गर्न सकिनेछ ।

*सुझाव*

लामो अवधिको दोस्रो चरण स्थानीय निर्वाचन र राजनीतिक प्रक्रियाको पर्यवेक्षणमा आधारित भएर डिआरसी नेपाल निम्नलिखित सुझावहरू प्रस्तुत गर्दछ । डिआरसी नेपाल यी सुझावहरूले तेस्रो चरणको स्थानीय निर्वाचन र आगामी प्रान्तीय र राष्ट्रिय निर्वाचनका विविध पक्षमा सुधार गर्न सहयोग गर्नेछ भन्ने आशा राख्दछ ।

- नेपाल सरकार र मुख्य राजनीतिक दलहरूले विशेषगरी नयाँ संविधानप्रतिका विद्यमान राजनीतिक विरोध र असन्तुष्टिलाई गम्भीरताका साथ सम्बोधन गर्नुपर्ने देखिन्छ । भविष्यमा हुने निर्वाचनको सुरक्षाको दिगो सुनिश्चितता उच्च सुरक्षाबल परिचालनबाट नभएर संविधान र राजनीतिक प्रक्रियाको आम स्वीकार्यताबाट मात्र सम्भव हुनेछ ।

- आगामी निर्वाचनहरू एकै चरणमा गरिनुपर्छ । विभिन्न चरणमा गरिने निर्वाचनले समाधान गरिनुपर्ने महत्वपूर्ण राजनीतिक मुद्दाहरूलाई पछाडि धकेल्ने देखिन्छ । चरणबद्ध निर्वाचनले अन्य कैयन समस्या पनि सिर्जना गर्ने देखिन्छ, जस्तैः देशका विभिन्न समुदायबीचको खाडल अझ गहिरिने, निर्वाचन हुने या नहुने भन्ने अनिश्चितता बढ्ने, निर्वाचनसम्बन्धी महत्वपूर्ण तयारीमा बाधा पुग्ने र ढिलाइ हुने, एक चरणको परिणामबाट अर्को चरणको परिणाम प्रभावित हुनसक्ने (या परिणामलाई राजनीतिक दल र उम्मेदवारहरूले आफ्नो

[31] जेठ २९ देखि असार ११ को प्रचारप्रसार अवधिभर डिआरसी नेपाल र नेपाल मनिटरले रेकर्ड गरेको कुल ८९ घटनामध्ये राजपाले निर्वाचनको विरोधमा गरेको प्रदर्शन ४०; नेकपा (विप्लव) सम्मिलित १५; मुख्य राजनीतिक दलबीच झडप १३; अज्ञात समूह बिस्फोटन १२; आफ्ना दलका उम्मेदवारप्रति असन्तुष्टि व्यक्त गर्दै भएको विरोध २; र स्थानीय निकाय पुनर्संरचनासम्बन्धी विरोध प्रदर्शन १ थिए । हेर्नुहोस्: http://democracyresource.org/wp-content/uploads/2017/07/Analysis-Update-8.pdf

फाइदाका लागि उपयोग गर्ने सम्भावना बढ्ने), र पहिलो चरणको मतगणनाका क्रममा भरतपुर महानगरपालिकामा भएजस्तै निर्वाचन प्रक्रियाका महत्वपूर्ण निर्णयहरू प्रभावित हुनसक्ने देखिन्छ ।

- निर्वाचनको मिति र तालिका तय गर्दा उम्मेदवार मनोनयनदेखि निर्वाचनको दिनसम्म पर्याप्त समयावधि सुनिश्चित गरिनुपर्छ । साना दल र स्वतन्त्र उम्मेदवारले प्राप्त गर्ने छोटो र प्रतिकूल अवधिलाई मध्यनजर गर्दै प्रचारप्रसारको लागि पर्याप्त समय दिइनुपर्छ ।

- सबै राजनीतिक दलहरूले प्रचारप्रसार र निर्वाचनको दिनमा अन्तरदलीय झडप र हिंसा रोक्ने दृढ र सार्वजनिक प्रतिबद्धता जाहेर गर्नुपर्छ । राजनीतिक दलहरूले निर्वाचन आचारसंहिता उल्लंघन गरेको खण्डमा निर्वाचन आयोग र नेपाल सरकारले उचित र प्रभावकारी कानुनी कारवाही गर्नुपर्छ ।

- निर्वाचन प्रक्रिया प्रभावकारी रूपमा सञ्चालन गर्न निर्वाचनसम्बन्धी सम्पूर्ण कानुन र निर्देशिका समयमै प्रतिपादन र कार्यान्वयन गरिनुपर्छ । पहिलो र दोस्रो चरणको निर्वाचनमा अन्तिम समयमा जारी गरिएका नियम र कानुनी संरचनामा भएका हेरफेरले निर्वाचन अधिकारी, उम्मेदवार र मतदातामा थप अन्योल सिर्जना गरेको पाइयो ।

- मतदाता शिक्षाको परिमाण र गुणस्तर दुवैको अभिवृद्धि गरिनुपर्छ । मतदाता शिक्षा स्वयंसेवकको संख्या र तालिमको स्तरको पुनर्मूल्यांकन गरी सुधार गरिनुपर्छ । भर्खरै उच्चशिक्षा सम्पन्न गरेका युवालाई स्वयंसेवकका रूपमा खटाउने र उनीहरूको नियुक्तिको अवधि बढाएर भविष्यमा मतदाता शिक्षाको प्रभावकारिता बढाउन सकिनेछ ।

- ठूलो आकार, जटिल प्रकार र कम गुणस्तरको मतपत्र उच्च मत बदरको एक मुख्य कारण रहेको पाइयो । निर्वाचन आयोगले स्थानीय निकायका प्रमुख र उपप्रमुखलाई एक र वडास्तरीय प्रतिनिधिलाई भिन्नै मतपत्रको प्रावधान गर्ने सम्भावनालाई विचार गर्नुपर्छ । छाप लगाउने मसीको प्रकार र गुणस्तरको पुनर्मूल्यांकन गरिनुपर्छ र भविष्यमा प्रयोग गरिने मसीको गुणस्तर मतदानको दिनभन्दा पहिले नै जाँच गरिनुपर्छ । मतपत्रका चुनावचिह्न र मसीको रंग फरक गरिनुपर्छ ।

- निर्वाचनको मिति अत्यधिक मतदाताको सहभागिता हुनेगरी तय गरिनुपर्छ । निर्वाचन मिति निर्धारण खेतीपातीको समय, महत्वपूर्ण धार्मिक तथा सांस्कृतिक पर्व, र प्रतिकुल मौसम नपर्नेगरी गरिनुपर्छ । यसले मतदाताको सहभागितासँगै निर्वाचन सञ्चालन खर्चमा पनि प्रभाव पर्छ ।

- पहिलो र दोस्रो चरणको अनुभवलाई आत्मसाथ गर्दै मतगणना प्रक्रियालाई अझ चुस्त र प्रभावकारी पार्नुपर्ने देखिन्छ । मतपत्रको गुणस्तर बढाएर मतगणनासम्बन्धी स्पष्ट निर्देशन र कार्यविधि समयमै उपलब्ध गराएर मतगणनालाई प्रभावकारी बनाइनुपुर्छ ।

- सम्पूर्ण निर्वाचन प्रक्रियालाई अझ प्रभावकारी बनाउन निर्वाचन अधिकारी र कर्मचारीको तालिममा अभिवृद्धि गरिनुपर्छ । यस अन्तर्गत उम्मेदवार मनोनयन, मतदान र मतगणनाका नमुना अभ्यास गर्न सकिन्छ. निर्वाचन अधिकारीको परिचालन गर्दा मतदान केन्द्रको भौगोलिक चुनौती र जनसंख्याका बनोटका आधारमा गरिनुपर्छ ।

- निर्वाचन र प्रचारप्रसारसम्बन्धी खर्चको सीमितताको पुनर्मूल्यांकन गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनुपर्छ। खर्चसम्बन्धी हदबन्दी निर्धारण गर्दा ठाउँ र पदअनुसार वर्गीकरण गरिनुपर्छ। सबै ठाउँको लागि एकै हदबन्दी अनुचित हुन्छ र यसले स्थानीय निर्वाचन प्रशासन र उम्मेदवारलाई प्रभावकारी रूपमा निर्वाचन व्यवस्थापन गर्न र प्रचारप्रसार गर्न कठिनाइ हुन्छ।

- निर्वाचन पर्यवेक्षकको भूमिका र अधिकारसम्बन्धी स्पष्ट प्रावधान सम्पूर्ण तहमा प्रेषित गरिनुपर्छ र मतदान र मतगणनालगायत निर्वाचन प्रक्रियाका सम्पूर्ण पक्षहरूमा सहज पहुँचको सुनिश्चितता गरिनुपर्छ।